## सूचना २

श्री ५ को सरकारले मिति २०४४।५।१ को निर्णयानुसार श्री नवीना शाक्यलाई नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह, रा.प. तृतीय श्रेणीको पदमा १ (एक) वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी केन्द्रीय खाद्य अनुसन्धानशालामा रिक्त रहेको पदसंकेत क्र। खा।अ।शा।०७।४ को सहायक खाद्य अनुसन्धान अधिकृत पदमा पदस्थापन गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले मिति २०४४।५।१९ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह, रा.प. तृतीय श्रेणी, पदसंकेत व। वनस्प। वि। ०७।४४ वनस्पति विभाग, शाही औषधी अनुसन्धानशालाको सहायक वैज्ञानिक अधिकृत श्री सुदर्शनमान तुलाधरलाई निजामति सेवा नियमावली, २०२१ को नियम १०.६ (३) को कसूरमा सोही नियमावलीको नियम १०.१(५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी मिति २०४१।६।१५ देखि सरकारी नोकरीबाट हटाएको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

खण्ड ३७, मिति २०४४।५।२२, संख्या २१ को नेपाल राजपत्रमा प्रकाशित यस अदालतको सूचनाको २०४३।४।१९ मा अधिवक्ताको प्रमाणपत्र प्रदान गरिएको लक्ष्मणप्रसाद खरेल हुनुपर्नेमा लक्ष्मीप्रसाद खरेल हुनगएकोले भूलसुधार गरिएको छ।

सर्वोच्च अदालत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
४२५